1-YatanaInnerTitle 12/16/08 3:10 PM Page 1

# विधायी पुनरावलोकन
# मानवअधिकारसम्बन्धी प्रमुख महासन्धि कार्यान्वयनको
# एक अध्ययन
# यातना विरूद्धको महासन्धिमा केन्द्रित

CVICT

**यातना पीडित सरोकार केन्द्र, नेपाल (सिभिक्ट)**
यातना विरुद्धको महासन्धिको उपसिमिति
**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
बाँसवारी, काठमाडौँ
पोष्ट वक्स नं. ५८३९ काठमाडौँ, नेपाल
फोन: ९७७-१-४३७३९००/४३७३९०२/३७३४८६
फ्याक्स: ९७७-१-४३७३०२०
इमेल: cvict@cvict.org.np

1-YatanaInnerTitle 12/16/08 3:10 PM Page 3

**विधायीको पुनरावलोकन**

**मानवअधिकारसम्बन्धी प्रमुख महासन्धि कार्यान्वयनको एक अध्ययन**

**यातना विरुद्धको महासन्धिमा केन्द्रित**

**प्रकाशन मिति** : मंसिर २०६५

**सङ्ख्या** : १,००० प्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**कभर/लेआउट** : गीता माली

**मुद्रण** : इन्द्रेणी अफसेट प्रेस, फोन ४७७०५३३, ४७७१४४८

1-YatanaInnerTitle 12/16/08 3:10 PM Page 4

# विषयसूची

भूमिका

कार्यकारी सारांश

१. परिचय/१

२. यातनासम्बन्धी महासन्धिसँग सम्बन्धित कानुनी व्यवस्थाहरूमा नेपाल सरकारले चालेका कदमहरू/२

३. यातना विरुद्धको समितिले नेपाल सरकारलाई दिएको सल्लाह तथा सुझाव संक्षेप/५

४. ऐन कानुनमा रहेका खारेज गरिनुपर्ने व्यवस्थाहरू/७

५. ऐन कानुनमा संशोधन तथा नयाँ कानुनको आवश्यकताको पहिचानसँग सम्बन्धित सुझावहरू/८

६. सन्धिमा गरिएका आरक्षण/९

७. यातना विरुद्धको महासन्धि र नेपाली कानुनहरूबीच रहेका असङ्गतिहरूको तालिका महासन्धिको धारा-१/१०

# भूमिका

नेपालमा यातनाको बारेमा कुरा गर्दा नेपालको शासन व्यवस्थाको सुरूवातदेखि नै मुख्यरूपमा दण्ड दिने, विरोधीलाई दबाउने नाममा अत्यन्त व्यवस्थितरूपमा क्रूर यातना दिने गरिएको पाइन्छ। त्यस समयमा मुद्दा अनुसन्धानको क्रममा यातना दिन पाइने कानुनी व्यवस्था नै थियो। पञ्चायती शासन व्यवस्थामा पनि यातनाले निरन्तरता पायो भने वि.सं. २०४६ सालमा भएको राजनीतिक परिवर्तनपश्चात् यातनाको विरुद्धमा कानुनी व्यवस्थामा केही सुधार भए पनि यातनाका घटनाहरू भने रोकिएन। वि.सं. २०५२ सालमा सुरू भएको नेकपा (माओवादी) को जनयुद्धको समयमा यातनाको सङ्ख्यामा अझ बृद्धि भएको थियो।

नेपालले यातना विरुद्धको महासन्धिको धारा १९ अर्न्तगत राज्य पक्षको हैसियतले बुझाएको आवधिक प्रतिवेदनमाथि यातना विरुद्धको समितिले आफ्नो सल्लाह र सुझावमा समेत नेपालले गरेका सकारात्मक कामको प्रशंसा गर्दै यातना विरुद्धमा नेपालले गर्नु पर्ने थुप्रै कामहरूलाई सुझावको रूपमा समेटिएको छ भने संयुक्त राष्ट्रसङ्घका यातनासम्बन्धी विशेष समाधिक्षक म्यान्फर्ड नबाकले ०६२ भदौ २५ देखि ३१ गतेसम्म नेपालको भ्रमण गर्नु भई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगमा बुझाउनु भएको प्रतिवनेदनमा बन्दीहरू, सरकारी र सैनिक अधिकारी, कानुन व्यवसायी र गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँगको कुराकानी र स्वास्थ्य परीक्षणका प्रमाणहरूका आधारमा शाही नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले योजनाबद्ध ढङ्गबाट यातना दिने र दुर्व्यवहार गर्ने गरेको निष्कर्ष विशेष समाधिक्षकले निकाल्नु भएको थियो।

यसरी यातना पाएका यातना पीडितहरूले वर्तमान कानुनमा भएका कमी कमजोरीका कारण वास्तविकरूपमा न्याय पाएको अनुभूति गर्न नसकेको र अदालतमा मुद्दा लिएर जान पनि उत्साहित नभएको अवस्था छ। हजारौं यातना पीडितहरूमध्येमा हालसम्म जम्मा लगभग २०० को सङ्ख्यामा मात्रै यातनाका मुद्दाहरू अदालतसमक्ष पुगेका छन्। तर यातना भने हालसम्म रोकिएको छैन बरु यातनाको रूप र यातना दिने तरिकामा भने फरक भएको छ।

नेपालले यातना रोकथामका विषयमा चालेका कदमको विषयमा हेर्दा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(४) ले पहिलोपटक यातनालाई संवैधानिक

अधिकारको रूपमा स्थापित गरेको थियो भने नेपालले यातना विरुद्धमा प्रतिवद्धता जनाएको हिसावले हेर्ने हो भने वि.सं. २०१३ सालमा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्यता बने देखिनै यातना विरुद्धमा प्रतिवद्धता जनाएको मान्नु पर्ने हुन्छ। त्यस पश्चातका मानवअधिकारसम्बन्धी घोषणापत्र तथा महासन्धिहरूमा प्रतिवद्धता जनाउँदै यातना विरुद्धको महासन्धि १९८४ लाई नेपालले सन् १९९१ मे १४ मा सम्मिलन गरिसकेको छ।

नेपालले यातना विरुद्ध गरिएको प्रतिवद्धता पूरा गर्ने सन्धर्वमा केही घरेलु कानुनहरू समेत निर्माण गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा २६(२) ले यातनालाई दण्डनीय बनाएको छ भने मुलुकी ऐन २०२० मा संसोधन, प्रमाण ऐन २०३१ मा यातना नदिइकन गराइएको बयानलाई मात्र प्रमाणको रूपमा लिने व्यवस्था, सन्धि ऐन २०४७, यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३, राष्ट्रिय मानवअधिकार आयोग ऐन २०५३, सार्वजनिक सुरक्षा ऐन २०४६, बालबालिकासम्बन्धी ऐन २०४८, सैनिक ऐन २०६४, जस्ता केही ऐनहरूको निर्माण तथा संशोधन गरेको भए पनि यातना नियन्त्रण गर्ने सन्धर्वमा ती घरेलु कानुनहरू अपूरो र अपर्याप्त भए। यातना सम्बन्धमा बनेको यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ यातना पीडितहरूको न्यायको सन्दर्भमा असफल भयो। सो कानुनलाई यातना विरुद्धको महासन्धिको सापेक्षतामा निर्माण गर्न त्यस समयमा नै नागरिक समाजबाट जोड दिएको भए पनि उक्त कानुनलाई यातना विरुद्धको महासन्धि अनुरूप सरकारले निर्माण गरेन। मुख्यरूपमा यातनासम्बन्धी क्षतिपूर्ति ऐनमा यातना विरुद्धको महासन्धिमा उल्लेख भए बमोजिम यातनालाई फौजदारी अपराधको रूपमा ऐनले समेटन नसक्नु, यातनाको परिभाषा ज्यादै साँघुरो हुनु, क्षतिपूर्ति सरकारले नै दिने व्यवस्था गरी पीडकलाई जिम्मेवार बनाउन नसक्नु, प्रष्ट सैधान्तिक अवधाराणको कमी जस्ता कारणले यातनामा कमी आउन सकेन भने यातना दिने कार्यमा संलग्न रहेका पीडकहरूलाई कारवाही हुन नसक्दा दण्डहीनताले प्रशय पाइरहने अवस्थाको सृजना भयो। यातनासम्बन्धी क्षतिपूर्ति ऐनले सिमित मात्रामा क्षतिपूर्ति तोकिनु झन्झटिलो प्रकृया जस्ता कारणहरूबाट यातना पीडितहरूले बास्तविकरूपमा न्यायको अनुभूति गर्न सकेनन्।

यातना विरुद्धको महासन्धिलाई हास्ताक्षर गरिसकेपछि आफ्नो क्षेत्राधिकारभित्र यातनाको कार्य हुन नदिनु, यातना रोक्नका निमित्त प्रभावकारी कानुनी, न्यायीक तथा प्रशासनिक उपायहरूको अवलम्बन गर्नु तथा महासन्धिको धारा १९ अन्तर्गत यातना विरुद्धको महासन्धिको पक्षराष्ट्रको हैसियतले आवधिक प्रतिवेदनहरू बुझाउनु पक्षराष्ट्रको हैसियतले प्रमुख दायित्व भित्र पर्न आउँदछ। तर नेपालले यातना विरुद्धको समितिमा

पठाउनु पर्ने आवधिक प्रतिवेदनहरू समयमा पठाउन सकेको अवस्था छैन।

यस परिस्थितिमा नेपालले यातना विरुद्धको महासन्धि १९८४ लाई परित गरिसकेको अवस्थामा यातना विरुद्धको महासन्धिमा उल्लेख भए बमोजिम यातना विरुद्धको महासन्धिको पक्षराष्ट्रको हैसियतले उक्त महासन्धिले तोकिदिएका दायित्व पूरा गर्दै महासन्धिमा उल्लेख भएका व्यवस्थाहरूलाई आफ्नो मुलुकमा लागू गर्नु राज्यको प्रमुख दायित्व हो। त्यसै दायित्व अन्तर्गत यातानालाई रोकथाम गर्नको लागि संयुक्त राष्ट्रसङ्घीय यातना विरुद्धको महासन्धिको ऐच्छिक अध्यालेखलाई समेत पारित गर्नु र यातनालाई स्पष्ट रूपमा फौजदारी अपराधको रूपमा किटान गर्दै सोही अनुरूप तत्काल यातनासम्बन्धी नयाँ घरेलु कानुनको पनि निर्माण गर्नु पर्ने भएको छ। महासन्धिका प्रमुख १६ वटा धाराहरूमध्ये कुनै पनि धाराहरू यथार्थमा कार्यान्वयन हुन सकेनन् र त्यो स्थिति अहिले पनि जारी छ। यसै पृष्ठभूमिमा रहेर यातना विरुद्धको महासन्धिमा तोकिएका दायित्वहरूलाई पक्षराष्ट्रको हैसियतले नेपालले पूरा गर्नु पर्ने दायित्व र महासन्धिको कार्यान्वयनको अवस्थालाई हेर्नका निमित्त प्रस्तुत अध्ययन गरिएको छ।

अन्तमा यस अध्ययन गर्ने कार्यमा मेहनतका साथ खटनुहुने सिभिक्टका अधिवक्तहरू जमुना पौडेल, टीकाराम पोखरेल तथा टंक अर्याललाई म हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद,

**भोगेन्द्र शर्मा**
अध्यक्ष सिभिक्ट,
यातना विरुद्धको महासन्धिको उपसमिति
संयोजक

# कार्यकारी सारांश

मानवअधिकारको पहिचान गर्ने गरी जारी गरिएका विभिन्न सन्धि सम्झौताहरूको अनुमोदन गर्ने क्रममा नेपालले सन् १९९१ मा बिना कुनै स्थगन यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८४ लाई अनुमोदन गऱ्यो। तर सन् २००२ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट अनुमोदित भएको यसै महासन्धिको ऐच्छिक अध्यालेखका सम्बन्धमा भने नेपालले हालसम्म हस्ताक्षर समेत गरेको छैन। यातना विरुद्धको महासन्धिलाई नेपालले हस्ताक्षर गरे पश्चात उक्त महासन्धिलाई कार्यान्वयन गरि यातना रोकथामका निमित्त प्रभावकारी अनुगमन, सुझाब र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय यातना रोकथाम प्रणालीको स्थापना गर्नका निमित्त नागरिक समाजबाट यातना विरुद्धको महासन्धिको ऐच्छिक अध्यालेखलाई समेत अनुमोदन गर्नका लागि सरकारलाई अनुरोध गर्दै आएको भए पनि हाल सम्म सरकारले सो दिशामा कुनै पनि कदम चालेको छैन।

नेपालले अनुमोदन गरेको यातना विरुद्धको महासन्धि अनिवार्य रूपमा दायित्व श्रृजना हुने महासन्धि हो। कुनै पनि अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी सो सन्धिमा रहेका व्यवस्थाहरूप्रति सहमति जनाउने पक्षराष्ट्रका लागि त्यस सन्धि वा महासन्धिले केहि दायित्वहरूको सृजना गरेको हुन्छ। त्यसै दायित्व अन्तर्गत यातनालाई अनुमोदन गरेको हरेक पक्षराष्ट्रले आफ्ना क्षेत्राधिकार भित्रको भूभागमा यातनाको कार्यलाई रोक्न प्रभावकारी कानुनी, न्यायीक तथा प्रशासनिक उपायहरूको अवलम्बन गर्नु पर्ने हुन्छ। साथै यातना विरुद्धको महासन्धिको धारा १९ अन्तर्गत आफूले यातना रोकथाम गर्नको लागि अपनाएका उपाएहरूको सम्बन्धमा यातना विरुद्धको समिति समक्ष प्रत्येक चार वर्षमा आवधिक प्रतिवेदन समेत पेश गनु पर्नेमा उक्त आवधिक प्रतिवेदनहरू नेपालले तोकिएको समयमा बुझाउन सकेन। नेपालले सन् १९९३ मा आफ्नो प्रारम्भीक प्रतिवेदन बुझाए पश्चात प्रत्येक चार वर्षको अन्तरालमा आवधिक प्रतिवेदनहरू बुझाउनुपर्ने भएता पनि नेपालले दोश्रो, तेश्रो र चौथो प्रतिवेदन तोकिएको समयमा बुझाउन सकेन भने नेपालले सन् २००८ जुन १२ सम्ममा आफ्नो तेश्रो, चौथो तथा पाचौं आवधिक प्रतिवेदन बुझाईसक्नु पर्ने थियो। सो सयमा पनि नेपालले उक्त प्रतिवेदन बुझाउन सकेन।

यातना विरुद्धको महासन्धिको धारा चार अनुसार हरेक राज्य पक्षले यातनाको सबै कार्यलाई आफ्नो फौजदारी कानुनअन्तर्गतका कसुर सुनिश्चित गनुपर्ने हुन्छ। तर नेपालमा अन्तरिम संविधान २०६३ ले यातनाको कार्यलाई दण्डनीय हुने भनि व्यवस्था गरे पनि यातनाको कार्यलाई फौजदारी कानुन अन्तर्गतको कसुर सुनिश्चित गरिएको छैन।

यस विषयमा राज्य पक्षको हैसियतले यातना विरुद्धको महासन्धिको धारा १९ अन्तर्गत नेपालले बुझाएको आवधिक प्रतिवेदन उपर सुझाव दिने क्रममा सन् २००५ मा संयुक्त राष्ट्रसङ्घीय यातना विरुद्धको समितिले यातनाको प्रयास, मिलोमतो र संलग्नता सबैलाई फौजदारी अपराध मानी राज्यको कानुनमा सजायँको व्यवस्था गर्न सिफारिस गरिएको थियो। राज्यपक्षले आफ्नो सीमामा यातनाको कार्य रोक्नका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्दै यातनासम्बन्धी राष्ट्रिय कानुनलाई यातना विरुद्धको महासन्धिको धारा १ को परिभाषाको व्याख्या हुने गरि निर्माण गर्न पनि समितिले भनेको थियो।

यसै सन्धर्वमा नेपालको सर्वोच्च अदालतले समेत यातनाको कार्यलाई फौजदारी कसुर अर्न्तगत सुनिश्चित गरि कानुन निर्माण गर्न सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी गरिसकेको भए पनि सो बमोजिम नयाँ कानुनको निर्माण भने भइसकेको छैन। यातना पीडितहरू आफू यातनाबाट पीडित भएर पनि न्यायका लागि अदालत जान नचाहाइरहेको वर्तमान अवस्थामा हजारौं यातना पीडितहरू मध्यमा जम्मा लगभग २०० को संख्यामा मात्र अदालतमा मुद्दा पर्नु यातना विरुद्धको महासन्धि अनुरूप प्रभावकारी कानुनी व्यवस्थाको अभाव प्रमुख कारकको रूपमा लिन सकिन्छ। यसबाट पनि अब यातनाको सन्धर्वमा तत्काल नयाँ कानुन बनाउनु पर्ने आवश्यकतालाई प्रष्ट पारिसकेको छ।

यद्यपी यातनाको रोकथाम तथा पीडितहरूको न्यायको निमित्त यातना विरुद्धको महासन्धि अनुरुप यातनाको कार्यलाई गम्भिर फौजदारी अपराधको रूपमा किटान गरि नागरिक समाजको तर्फबाट नयाँ यातनासम्बन्धी कानुनको निर्माण गरी सरोकारवालाहरूसँग व्यापक रूपमा छलफल गर्दै सो विषयमा सरकारलाई सघाउने कार्य भने भइरहेको छ।

यातना नरोकिनुमा प्रमुख कारण यातना विरुद्धको महासन्धिलाई नेपालले पक्षराष्ट्रको हेसियतले कार्यान्वयन गर्न नसक्नु नै प्रमुख हाम्रो अपराधको बयानमुखी अनुसन्धान पद्धति, यातना दिने पीडकमाथि सजायको व्यवस्था नहुनु, अपराध अनुसन्धानको लागि चाहिदो व्यवस्थापनको अभाव, सम्बन्धित अधिकारीहरू परम्परागत सोचबाट माथि आउन नसक्नु जस्ता कारणले यातना निरन्तर रहिरऱ्यो।

यातना विरुद्धको महासन्धिको कार्यान्वयनको अवस्थाको विषयमा गरिएको यस अध्ययनले यातनासम्बन्धी महासन्धिसँग सम्बन्धित कानुनी व्यवस्थाहरूमा नेपाल सरकारले चालेका केही कदमहरूको सन्धर्वमा समिक्षा गरिएको छ भने यातना विरुद्धको महासन्धि र नेपाली कानुनहरू बिच रहेका असंगतीहरू, असंगति रहनुका कारणहरू तथा त्यसका लागि गनुपर्ने सुधारको सन्धर्वमा दफावार रूपमा विष्तृत अध्ययन गरिएको छ। महासन्धिलाई कार्यान्वयन गरि यसले तोकिदिएको दायित्व पूरा गर्ने सन्धर्वमा केही सकारात्मक कदमहरू हुँदा हुँदै पनि ती प्रयाप्त नभएको याथार्थलाई प्रस्तुत अध्ययनले औल्याउने प्रयास गरेको छ। अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नेपालले बिना स्थगन अनुमोदन गरिसकेको अवस्थामा नेपालका सबै घरेलु कानुनहरूलाई यातना विरुद्धको महासन्धि अनुरुप परिमार्जित गर्दै यातना विरुद्धको हक, न्यायको पहुँचलाई सुनिश्चित गर्नका निमित्त प्रस्तुत अध्ययनले सुझाएका सुझावहरूलाई समेत मध्यनजर राखी नयाँ थप कानुनको समेत निर्माण गरेर यातना विरुद्धको महासन्धिले तोकिदिएको दायित्व पूरा गर्दै महासन्धिको पुर्ण रूपमा कार्यान्वयन गर्ने दिशामा सकारात्मक कदम चाल्न यस अध्ययनले मद्दत गर्ने छ।

## १. परिचय

नेपालमा २०४६ सालको राजनीतिक परिवर्तनपछि अन्तर्राष्ट्रिय कानुनको रूपमा रहेका सन्धि, महासन्धि तथा सम्झौताहरूको अनुमोदन तथा सम्मिलन गर्ने प्रकृयाले निकै गति पायो। सो परिवर्तनपूर्व नेपालले नागरिक तथा राजनैतिक अधिकारहरू प्रदान गर्ने कुनै पनि अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू अनुमोदन गरेको थिएन। मानवअधिकारको पहिचान गर्ने गरी जारी गरिएका बिभिन्न सन्धि सम्झौताहरू अनुमोदन गर्ने क्रममा नेपालले सन् १९९१ मा बिना कुनै स्थगन यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८४ अनुमोदन गऱ्यो। तर सन् २००२ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट अनुमोदित भएको यसै महासन्धिको ऐच्छिक अध्यालेख भने नेपालले हालसम्म हस्ताक्षर समेत गरेको छैन।

कुनैपनि अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिमा हस्ताक्षर गरी सो सन्धिमा रहेका व्यवस्थाहरूप्रति सहमति जनाउने पक्षराष्ट्रका लागि त्यस सन्धि वा महासन्धिले केही दायित्वहरूको सृजना गरेको हुन्छ। जुन दायित्वहरू सन्धिमा पहिचान गरिएका नागरिक तथा व्यक्तिका अधिकारहरू उपयोगको लागि व्यवस्था गर्ने तथा गरिएका व्यवस्थाका सम्बन्धमा सन्धिको अनुगमन गर्ने निकायमा प्रतिवेदन पठाउने लगायतका हुन्छन्। सन् १९९१ मा यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धिको पक्षराष्ट्र बनेको नेपालले पनि सोही दायित्वअन्तर्गत यातना विरूद्धको समिति समक्ष प्रारम्भिक र आवधिक प्रतिवेदनहरू प्रस्तुत गर्नुपर्ने हुन्थ्यो। नेपालले सन् १९९३ मा आफ्नो प्रारम्भिक प्रतिवेदन बुझाएको थियो। तर प्रत्येक चार वर्षको अन्तरालमा आवधिक प्रतिवेदनहरू बुझाउनुपर्ने भएता पनि नेपालले दोश्रो, तेश्रो र चौथो प्रतिवेदन तोकिएको समयमा बुझाउन सकेन। नेपाल सरकारले दोश्रो, तेश्रो र चौथो संयुक्त प्रतिवेदन सन् २००४ मे ५ मा मात्रै बुझाएको थियो तर समितिले त्यो प्रतिवेदनलाई दोश्रो प्रतिवेदनको रूपमा मात्र स्वीकार गऱ्यो। यस अवस्थामा नेपालले सन् २००८ जुन १२ सम्ममा आफ्नो तेश्रो, चौथो तथा पाँचौ आवधिक प्रतिवेदन बुझाउनु पर्ने थियो।

## २. यातनासम्बन्धी महासन्धिसँग सम्बन्धित कानुनी व्यवस्थाहरूमा नेपाल सरकारले चालेका कदमहरू

कुनै पनि अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको पक्षराष्ट्रका रूपमा सम्बन्धित राष्ट्रले आफ्नो न्यायिक, कानुनी, नीतिगत तथा साङ्गठनिक संरचनाहरू सो सन्धि तथा सम्झौताको व्यवस्थाहरू अनुरूप रहेको सुनिश्चित गर्नका लागि आवश्यक कदमहरू चाल्नुपर्ने हुन्छ। विशेषगरी कानुनी संरचनाका बारेमा कुरा गर्दा पक्ष राष्ट्रले सो महासन्धि अनुरूप आफनो कानुनी व्यवस्थाहरू सुनिश्चित गर्न आवश्यक कानुनहरूको निमार्ण गर्नुपर्ने तथा भएका कानुनहरूमा संशोधन गर्नुपर्ने हुन्छ। यस भागमा नेपालले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अन्तर्राष्ट्रिय महासन्धिको प्रवाधानको प्रत्याभूतिको लागि नयाँ कानुनको व्यवस्था तथा भएका कानुनमा गरिएको सुधारका सम्बन्धमा चर्चा गरिएको छ।

यातनाविरूद्धको हकलाई संवैधानिक रूपमा नै सुनिश्चित गरेको नेपालले महासन्धिअर्न्तगतका व्यवस्थाहरूलाई आन्तरिकीकरण गर्ने क्रममा राष्ट्रिय कानुनअन्तर्गत विभिन्न ऐन तथा नियमहरू लागू गरेको तथा केही ऐन तथा नियमहरूमा संशोधन गरेको छ। ती मध्ये यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ नयाँ कानुनको रूपमा आएको मुख्य कानुन हो। मानवअधिकार आयोग ऐन, २०५३ लगायतका नयाँ बनाइएका वा संशोधन गरिएका मुख्य ऐन तथा कानुन पनि महत्वपूर्ण छन्।

**नेपालको अन्तरिम संविधान २०६३**

नेपालको अन्तरिम संविधान २०६३ मा यातना विरूद्धको अधिकारलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरिएको छ। अन्तरिम संविधान २०६३ ले नेपाल अधिराज्यको संविधान २०४७ को भन्दा अझरूपमा यातनाको अन्त्यको लागि व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधानको धारा २६ मा निम्न कुराको संवैधानिक प्रत्याभूति गरीएको छ।

- कुनै पनि व्यक्तिलाई अनुसन्धान, पूपर्क्ष वा तहकिकातका सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको अवस्थामा शारीरिक वा मानसिक यातना नदिइने,
- अनुसन्धान, पूपर्क्ष वा तहकिकातका सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई निर्मम, अमानवीय र अपमानजनक व्यवहार गर्न नहुने,
- शारीरिक वा मानसिक यातना तथा निजसँग निर्मम, अमानवीय र अपमानजनक व्यवहार कानुनद्वारा दण्डनीय हुने, र

- यातना पीडितले कानुनले निर्धारण गरिएबमोजिम क्षतिपूर्ति पाउने।

**यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३**

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ लाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अन्तर्राष्ट्रिय महासन्धिको सफल कार्यान्वयनको लागि नेपाल सरकारकातर्फबाट लिइएको एउटा महत्वपुर्ण कानुनी संयन्त्रको रूपमा हेर्न सकिन्छ। मौलिक हकको‍रूपमा रहेको यातनाविरुद्धको अधिकारको प्रत्याभूतिको लागि यो संयन्त्रको व्यवस्था गरिएको देखिन्छ। यस ऐनमा निम्न किसिमका व्यवस्थाहरू छन्।

- अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनैपनि किसिमले थुनामा रहेको व्यक्तिलाई यातना दिन नहुने - दफा ३
- यातना पीडितलाई क्षतिपूर्ति दिनुपर्ने - दफा ४
- यातनाको उजुरी परेकोमा अदालतले थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउने आदेश दिने - दफा ५
- जाँच गर्दा उपचार गर्नुपर्ने भएमा नेपाल सरकारको तर्फबाट उपचार गराइने - दफा ५
- पीडित आफैं वा निजको परिवारको उमेर पुगेको कुनै व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्ने - दफा ५
- यातना दिएको ठहर भएमा सरकारबाट पीडितलाई रू. एकलाखसम्म क्षतिपूर्ति दिइने - दफा ६
- अदालतले पीडकलाई विभागीय कारवाहीको लागि पनि आदेश दिन सक्ने - दफा ७
- अदालतले क्षतिपूर्ति दिने गरी गरेको फैसलाको फैसला अन्तिम भएपछि पीडितले निवेदन दिएको मितिले ३५ दिनभित्र कार्यान्वयन गर्नुपर्ने- दफा ९

**मानवअधिकार आयोग ऐन, २०५३**

मानवअधिकार आयोग ऐन, २०५३ ले संविधान तथा अन्य प्रचलित कानुनद्वारा पहिचान गरिएका मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय निकायको व्यवस्था गरेको छ। यस संस्थाको स्थापना तथा यसको क्षेत्राधिकारले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अन्तर्राष्ट्रिय महासन्धिले प्रत्याभूत गरेका अधिकारको प्रभावकारी

कार्यान्वयनमा सकारात्मक भूमिका निर्वाह गर्ने देखिन्छ। यस ऐनमा भएका निम्न व्यवस्था उल्लेखनीय छन्।

- मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने आयोगको प्रमुख कर्तव्य हुने,
- पीडितको उजुरी लिने तथा छानविन र अनुसन्धान गर्ने क्षमता हुने,
- मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिने ,
- छानविन र अनुसन्धानबाट दोषी देखिएमा दोषी उपर आवश्यक कारबाहीको लागि लेखिपठाउने,र
- पीडितको लागि क्षतिपूर्तिको भराउन सिफारिश गर्ने।

**मुलुकी ऐन** , २०२०

मुलुकी ऐन बेरितसँग थुन्दाको महलको दफा ६ अनुसार यदि कुनै व्यक्तिलाई गैरकानुनी रूपमा थुनामा राखिएकोमा, उसलाई खाना खान दिइएको छ भने जरिवाना बापतको रकमको एक तिहाई र खाना खान नदिई गैरकानुनी रूपमा थुनामा राखिएको रहेछ भने जरिवाना वापतको रकमको दुईतिहाई जिम्मेवार कर्मचारीबाट क्षतिपूर्तिको रूपमा पीडितलाई भराइने व्यवस्था छ।

माथि उल्लेखित यी कानुनहरूका साथै निम्नलिखित कानुनहरूमा पनि यातनाविरूद्धका साथै अन्तर्राष्ट्रिय मापदण्डहरूलाई नेपाली कानुनी व्यवस्थामा समाहित गर्ने प्रावधानहरू समावेश गरिएको छ।

**सार्वजनिक सुरक्षा ऐन**, २०४६

- बदनीयतपूर्वक नजरबन्द राखेकोमा क्षतिपूर्ति पाउने - दफा १२
- बदनीयतपूर्वक नजरबन्दको आदेश दिएकोमा विभागीय कारबाही हुने - दफा १३

**नेपाल सन्धि ऐन**, २०४७

- नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता राष्ट्रिय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अन्तर्राष्ट्रिय सन्धि सम्झौता नै लागु हुने - दफा ९

**प्रमाण ऐन**, २०३१

- यातना दिई लिएको बयान निजका विरूद्ध प्रमाणमा लिन नहुने - दफा ९

**बालबालिकासम्बन्धी ऐन**, २०४८

- बालबालिकालाई क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने - दफा ७

**सैनिक ऐन**, २०६४

- सैनिक सेवामा प्रवेश गर्ने कुनैपनि व्यक्तिलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको बारेमा तालिम तथा प्रशिक्षण दिनुपर्ने – दफा २२

## ३. यातना विरूद्धको समितिले नेपाल सरकारलाई दिएको सल्लाह तथा सुझाव संक्षेप

नेपाल यातनाविरूद्धको महासन्धिको पक्षराष्ट्र भैसकेको अवस्थामा नेपालले यातनाको अन्त्यकालागि गर्नुपर्ने कार्यहरू गरे नगरेको तथा पक्षराष्ट्रले बुझाएको प्रतिवेदमा उल्लेख गर्नुपर्ने सूचना उल्लेख भए नभएको सम्बन्धमा यातनाविरूद्धको समितिले नेपालले बुझाएको आवधिक प्रतिवेदनमाथिको आफ्नो सल्लाह र सुझाव सन् २००५ नोभेम्बर २२ मा ६८७ औं बैठकद्वारा अनुमोदन गरिदिएको छ। भए गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै आगामी दिनमा नेपाल सरकारले गर्नुपर्ने थप कार्य तथा संलग्न गर्नुपर्ने थप सुचनालाई सुझावको रूपमा उल्लेख गरिएको छ।

यातनासम्बन्धी क्षतिपूर्ति र मानवअधिकार आयोग ऐनको व्यवस्था, महिला तथा मानवअधिकार आयोगको स्थापना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा शाही नेपाली सेनामा गठन गरिएको मानवअधिकार शाखाहरू, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यलयको स्थापनाको लागि स्वीकृति तथा बिभिन्न विषयका विशेष प्रतिवेदकहरू तथा समाधिक्षकहरू र कार्यसमूह तथा कार्यदललाई नेपाल भ्रमणको निम्ति दिइएको अनुमतिलाई सकारात्मक कार्यको रूपमा लिइएको छ भने तल उल्लेखित केही कुराहरूलाई सुधार गर्नुपर्ने विषयको रूपमा सुझाव दिइएको छ।

**सुझाव तथा सल्लाहहरू**

- यातनाको प्रयास, मिलोमतो र संलग्नता सबैलाई फौजदारी अपराध मानी राज्यको कानुनमा सजायको व्यवस्था गनुपर्ने तथा यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ लाई महासन्धिको भावना अनुरूप सम्पूर्ण प्रावधान समेट्ने गरी संशोधन गर्नुपर्ने,
- राज्यपक्षले यातनाको कार्यलाई सार्वजनिक रूपमा निन्दा वा आलोचना, यातना दिने व्यवहारको सार्वजनिक रूपमा क्षमायाचना र आफ्नो सीमा भित्र यातनाको कार्य रोक्न तथा यातनाको अन्त्यको लागि प्रभावकारी कानुनी उपाय तथा संरचनाको

व्यवस्था गर्नुपर्ने,

- फौजदारी कानुन अन्तर्गतका मुद्दाको पुर्पक्षपूर्वको (अनुसन्धान तहको) कार्यलाई मानवअधिकारका विश्वव्यापी सिद्धान्त तथा मान्यतासँग मेलखाने किसिमको गराई यातनाको अन्त्यको लागि आवश्यक काम गर्नुपर्ने तथा आतंकवादविरूद्धको लडाईमा पनि निश्चित स्वच्छ पुर्पक्षको अधिकारको प्रत्याभूति गर्ने गरी कानूनको तर्जुमा गर्नुपर्ने,
- मानवअधिकार आयोग जस्ता संस्थाहरूको कार्यलाई सहयोग गर्ने र ती निकायहरूको सल्लाह तथा सुझावलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने,
- न्यायपालिकाको स्वतन्त्रता तथा निस्पक्षताको प्रत्याभूति गरी सुरक्षा निकाय तथा सरकारका अन्य निकायलाई न्यायपालिकाको आदेशप्रति उत्तरदायी गराउने र गठित न्यायिक संस्थाहरूको कार्यहरू संविधान तथा अन्तर्राष्ट्रिय सन्धिअनुरूप गर्नुपर्ने,
- सरकारले सुपुर्दगी तथा देशनिकालाको वा बलजफ्ती फिर्ता पठाउने कार्यगरेकोमा फिर्ता पठाइने देशमा यातनाको डरको कारणले फिर्ता नपठाएको वा सुपुर्दगी नगरेको सम्वन्धमा यातनाविरूद्धको समितिमा तथ्याङ्कसहित जानकारी दिनुपर्ने,
- यातनाको प्रतिबन्धको बारेमा सम्पुर्ण कर्मचारीलाई शिक्षा तथा तालिमको व्यवस्था गरी यातनाको निरोध वा अन्त्यको लागि कार्य गर्नु पर्ने तथा त्यस्ता कार्यको मूल्याङ्कन तथा अनुगमन गर्न संयन्त्रको विकास गर्नुपर्ने,
- कानुन कार्यान्वयन गर्ने तथा अनुसन्धान गर्ने अधिकारीले सन्धिको प्रावधान बमोजिम अनुसन्धान गर्दा अवलम्वन गर्ने तौरतरिकाको बारेमा समितिमा जानकारी दिनुपर्ने,
- सम्पर्कविहीन थुना तथा बालबालिकाको थुनाको अन्त्यको लागि कारागार तथा थुना केन्द्रहरूमा पारदर्शी तथा न्युनतम आवश्यक सुविधाको सुश्चितता गरिनुपर्ने,
- बन्दी गृह तथा थुना केन्द्रहरूको प्रक्रियागत तथा व्यवस्थित भ्रमणको व्यवस्था, ती स्थानहरूको भौतिक अवस्था, सुविधा तथा कार्य प्रक्रियाको सम्बन्धमा पुनरावलोकन र ती स्थानहरूमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सङ्घ संस्थाहरूलाई भ्रमणको अवसरको व्यवस्था मिलाउनुपर्ने,
- दण्डहीनताको अन्त्य गरी यातनाको कार्यमा सहभागी सबैलाई सजाय दिलाउनको लागि आवश्यक संरचनाको स्थापना तथा विकास गर्नुपर्ने,
- यातनाको अपराधको अनुसन्धानको लागि एक स्वतन्त्र तथा सक्षम निकायको स्थापना तथा त्यो निकायको गठन, क्षेत्राधिकार तथा कार्यविधिको बारेमा यातनाविरूद्धको समितिमा जानकारी दिनुपर्ने,

- महिला, बालबालिका तथा पिछडिएका वर्गकाविरूद्ध अनुसन्धानको सिलसिलामा हुनसक्ने सम्भाव्य यातनाको अन्त्यको लागि विशेष व्यवस्था गरी त्यस्तो व्यवस्थाको बारेमा यातनाविरूद्धको समितिमा जानकारी दिनुपर्ने,
- यातना पीडितको न्यायको निम्ति उजुरी गर्न आवश्यक निकाय तथा संरचनाको विकास तथा न्यायालय र मानवअधिकार आयोगबाट भएका क्षतिपूर्ति दिनेगरी भएका फौसलाको उचित समयमा नै कार्यान्वयन तथा क्षतिपूर्तिको रकम के कति हो त्यसको बारेमा समितिलाई जानकारी दिनुपर्ने,
- यातनाकोरूपमा प्रयोग हुने यौनजन्य हिंसाको अन्त्यको लागि अनुगमन कार्यको प्रक्रियागत थालनी गरिनुपर्दछ र त्यसरी भएको अनुसन्धानबाट दोषी पाइएको नपाइएको र दोषी पाइएको गरिएको सजायको बारेमा तथ्याङ्क सहित समितिमा जानकारी गराउनुपर्ने,
- कारागार तथा थुना स्थानको सुधार तथा महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको अन्त्यका निम्ति आवश्यक व्यवस्था गर्नुपर्ने, र
- बन्दी गृहको अवस्थामा सुधार ल्याउन सम्पूर्ण उपायको अवलम्वन गर्नुपर्ने, बालसैनिकको रूपमा दुरूपयोग तथा मानव बेचबिखनका पीडितहरूको संरक्षण तथा पुन:स्थापनाका प्रभावकारी व्यवस्था गर्नुपर्ने।

## ४. ऐन कानुनमा रहेका खारेज गरिनुपर्ने व्यवस्थाहरू

स्पष्टरूपमा कुनैपनि कानुनको खारेजीको बारेमा कुनै किसिमको सल्लाह र सुझाव नभए तापनि समितिको प्रतिवेदनमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३, सुरक्षासम्बन्धी ऐनहरूमा बिशेष गरी आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा सजाय अध्यादेश तथा ऐनमा भएका व्यवस्थाहरू जुन यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धका अन्तर्राष्ट्रिय महासन्धिसँग असङ्गत छन् ती व्यवस्थाहरूको बारेमा प्रश्न उठाइएको छ।

२०६३ सालमा भएको एक अर्को राजनीतिक परिवर्तन सँगसँगै सार्वजनिक सुरक्षा ऐन र आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा सजाय ऐनमा आमुल परिवर्तन आएको छ। आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा सजाय ऐनको खारेजी भएको छ भने अन्य सुरक्षासम्बन्धी कानुनको प्रयोगमा पनि व्यापक सुधार आएको छ। कानुनको प्रयोगमा भएको स्वेच्छाचारीता कम भएको छ भने प्रहरी तथा अन्य कानुनको कार्यान्वयन गर्ने कर्मचारीबाट दिइने यातनामा कमी आएको छ।

## ५. ऐन कानूनमा संशोधन तथा नयाँ कानुनको आवश्यकताको पहिचानसँग सम्बन्धित सुझावहरू

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अन्तर्राष्ट्रिय महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारको सफल कार्यान्वयनको लागि नेपाल सरकारबाट अवलम्बन गरिनुपर्ने नयाँ कानुन तथा प्रचलनमा रहेका कानुनमा गरिनुपर्ने सुधारका बारेमा निम्न सल्लाह र सुझाव दिइएको छ।

**सुझावहरू**

- राज्यपक्षले यातनालगायत् यातनाको उद्योग गर्ने, मतियार तथा सहयोग गर्ने कार्यलाई फौजदारी अपराधका रूपमा राष्ट्रिय कानुनमा अपराधको गाम्भीर्यताको अनुपातमा सजाय हुने गरी व्यवस्था गर्नुपर्ने,
- यातनाका सबै विषयबस्तु समेटिने गरी यातनाको परिभाषालाई देशका सम्पूर्ण कानुनमा समाहित हुने गरी कानुनी व्यवस्थाको गर्नुपर्ने,
- महासन्धिले व्यवस्था गरेको यातनाको परिभाषासँग मेलखाने किसिमको यातनाको परिभाषा यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ मा यातना दिने पक्ष, यातना दिइएको स्थान, यातनाको तरिका, यातनाको प्रभाव लगायतका अन्य सबै पक्षहरू समेट्ने सुनिश्चित गर्नका लागि यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ मा संशोधन गनुपर्ने,
- उपयुक्त कानुनी प्रक्रिया बेगर व्यक्तिहरूलाई देश निकालामा रोक लगाउने कानून लागू गर्नुपर्ने,
- महासन्धिको धारा ५ अनुरूप मस्यौदा फौजदारी संहितामा यातनालाई विश्वव्यापी क्षेत्राधिकारको विषय बनाउन आवश्यक उपाय अपनाउनुपर्ने,
- नेपालले महासन्धिको धारा ६ देखि ९ मा भएका प्रावधानहरूको परिपालना सुनिश्चित गर्न यथासम्भव छिटो आवश्यक तथा स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने,
- स्पष्ट तथा व्यवस्थित बाल न्याय प्रणालीको व्यवस्थाको लागि यथासम्भव चाँडो आवश्यक तथा स्पष्ट कानुनको व्यवस्था गर्नुपर्ने,
- सबै थुनुवाहरूको गिरफ्तारी तथा रिहाईका समयमा उपयुक्त चिकित्सा जाँचको पहुँच भएको सुनिश्चित गर्न यातनासम्बन्धी क्षतिपूर्ति ऐनका सम्बन्धित दफाहरूमा संशोधन गर्नुपर्ने,
- पीडितहरूले यातनाका सम्बन्धमा जाहेरी गर्ने हदम्यादसम्बन्धी हाल रहेका र मस्यौदा कानुनमा संशोधन गर्दै त्यस्ता जाहेरीहरू जाँचबुझ प्रतिवेदन सार्वजनिक भएको दुईवर्ष

भित्र दर्ता गर्न सकिने व्यवस्था लागू गरी हदम्यादको व्यवस्थालाई खुकुलो पार्नुपर्ने,

- साक्षी तथा यातनाएवम् अपमानजनक व्यवहारको उजुरी गर्ने उजुरीकर्ताको संरक्षणका लागि नयाँ कानुनको व्यवस्था तथा प्रशासनिक उपायहरूको अवलम्बन गरिनुपर्ने,
- यातनाबाट पीडितहरूलाई प्रदान गरिने क्षतिपूर्तिको रकमको न्युनतम सिमा तोक्दै अधिकतम हद भने खुला राखी न्यायकर्तालाई विषयवस्तुको गाम्भीर्यताको आधारमा तर्क सङ्गत स्वविवेकाधिकार प्रदान गर्ने कानुनी व्यवस्था हुनुपर्ने, हालको कानुनी व्यवस्थामा अधिकतम हद तोक्दै सो भन्दा बढी क्षतिपूर्ति प्रदान गर्नमा रोक लगाईएको छ भने न्युनतम हद भने तोकिएको छैन तथा तोकिएको अधिकतम हदको रकमपनि एकदमै न्युन छ।
- यातनाको उजुरीको मुद्दामा अन्य ऐनमा जुनसुकै व्यवस्था गरेको भएतापनि यातनाजस्तो अपराधको प्रकृतिलाई ध्यानमा राख्दै प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था गरिनुपर्ने,
- राज्यपक्षले यातना दिई लिइएको बयानको मान्यता नदिने सिद्धान्तमा आधारित कानुनको निर्माण गर्नुपर्ने,
- सरकारी कर्मचारीबाट भएका यातनासम्बन्धी अपराधका उजुरीमा सरकारी वकिलबाट नै निजको प्रतिरक्षा हुने कानुनी व्यवस्थाबाट पीडितकाविरूद्ध पीडक र सरकार दुवै एकैतर्फबाट लागिपरेको देखिन्छ। साथै यदि सो सरकारी कर्मचारीले यातना दिएकै ठहर भएको अवस्थामा पनि क्षतिपूर्ति दिने पक्ष उसकै तर्फबाट सरकारले नै प्रतिरक्षा गरिरहेको हुन्छ। यसरी हेर्दा यो प्रक्रियागत त्रुटीका कारण धेरैजसो मुद्दाहरूमा पीडितले न्याय पाउन सक्दैनन्। यस किसिमको समस्या निर्मुल गर्नका लागि कानूनी सुधार गनुपर्ने, र
- यातनाको अनुसन्धान तथा तहकिकातको कार्यमा स्वतन्त्र तथा निष्पक्ष निकायको व्यवस्था गर्नेगरी कानुनको तर्जुमा गनुपर्ने।

## ६. सन्धिमा गरिएका आरक्षण

नेपालले सन् १९९१ मा बिना कुनै स्थगन यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८४ लाई अनुमोदन गरेको छ तर यसै महासन्धिको ऐच्छिक अध्यालेखमा भने नेपालले हालसम्म हस्ताक्षर समेत गरेको छैन। अनुमोदित सन्धिमा कुनै आरक्षण नराखिएको भए तापनि महासन्धिको धारा २१ तथा २२ बमोजिम राज्यपक्षले यातनाविरूद्धको समितिको केही अधिकार

पहिचानको घोषणा गर्नुपर्नेमा त्यो भने आजको मितिसम्म पनि पहिचान गरेको छैन।

धारा २१ बमोजिमको घोषणाले कुनैपनि राज्यपक्षले कुनैपनि बेलामा यस धारा अन्तर्गत अर्को राज्य पक्षले यस महासन्धि अन्तर्गत आफ्ना दायित्वहरू पूरा गरेको छैन भन्ने कुरा कुनै राज्यपक्षले दावा गरेको सूचना प्राप्त गर्न र हेर्न समितिको दक्षतालाई मान्यता दिने गर्दछ।

त्यसैगरी, धारा २२ बमोजिमको घोषणाले राज्यपक्षद्वारा यसको क्षेत्राधिकारभित्र महासन्धिको व्यवस्थाका उल्लङ्घनबाट पीडित भएको दावी गर्ने व्यक्तिहरू वा तिनकोतर्फबाट गरिएका सञ्चारहरू प्राप्त गरी विचार गर्न समितिलाई सक्षम भएको पहिचान गर्दछ।

यो घोषणा नभएकोकारणले नेपाल सरकारले महासन्धिको व्यवस्थाका उल्लङ्घन गरेकाकारण पीडित भएको दावी गर्ने व्यक्तिले समितिमा आफ्ना कुरा राख्न सकेका छैनन् र सरकार समितिको क्षमता स्वीकार नगरी उल्लङ्घनको कार्यमा सहयोग पुऱ्याइरहेको छ।

यो घोषणा नभएको अवस्थामा मानवअधिकार समितिमार्फत मात्रै पीडितले आफ्ना कुरा अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउन सक्ने अवस्था छ।

## ७. यातना विरूद्धको महासन्धि र नेपाली कानुनहरूबीच रहेका असङ्गतिहरूको तालिका महासन्धिको धारा-१

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

**यातनाको परिभाषा**

सार्वजनिक अधिकारीबाट वा उसको उक्साहटबाट तेश्रो पक्षले कुनै व्यक्ति वा तेश्रो व्यक्तिलाई सूचना वा अपराध स्वीकार गरेको कुरा प्राप्त गर्न वा शङ्का गरेको कार्यको लागि दण्ड दिन जानिजानीकन शारीरिक वा मानसिक पीडा वा चोट पुऱ्याउनु भन्ने बुझिन्छ।

- ऐनको नाम, दफा र कानुनी व्यवस्था

**यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २**

यातनाको परिभाषाअन्तर्गत तहकिकात वा पूपर्क्षको सिलसिलामा मा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिइएको शारीरिक वा मानसिक यातना सम्झनुपर्दछ। यातनाले निर्मम, अमानवीय तथा अपमानजनक व्यवहारलाई समेत जनाउँदछ।

महासन्धिसँग असङ्गतिको आधार यो परिभाषा महासन्धिको धारा १ ले अपेक्षा गरे अनुरूप व्यापक छैन, किनभने यसले थुनामा रहेको व्यक्तिलाई दिइने यातनालाई मात्र समावेश गरेको छ साथसाथै ऐनको परिभाषा दफा ४ सँग मिलाएर पढ्ने हो भने यसमा सरकारी कर्मचारीको उक्साहटबाट तेश्रो पक्षबाट हुनसक्ने कार्यलाई यातनाको परिभाषाबाट बाहिर गरेको छ।

असङ्गतिका कारणले मानवअधिकारमा परेको प्रभाव दफा ४ बमोजिम पाउनुपर्ने क्षतिपूर्तिको हकबाट पीडित बञ्चित भएका छन्, यातना पाएका व्यक्तिहरू पनि यातना पीडितको दायरामा पर्न सकेका छैनन् र पीडकहरू कानुनको दायराबाट उम्कन सफल छन्।

प्रचलित कानुनमा संशोधनको आवश्यकता यातनासम्बन्धी क्षतिपूर्ति ऐनको दफा २ को परिभाषालाई महासन्धिको भावना समेट्ने गरी संशोधनको आवश्यकता छ। जसले थुना बाहिर भएको यातना तथा सरकारी कर्मचारीको सल्लाह, सहमति तथा उक्साहटबाट भएको यातना समेतलाई समेट्न सकोस्।

▶ नयाँ कानुनको आवश्यकता र व्यवस्था

संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव यातना दिने कर्मचारीले प्रयोग गर्ने आधुनिक विधिहरूसमेतलाई ध्यानमा राखेर यातनाको परिभाषाभित्र यातनाको रूपमा विभिन्न विषयवस्तुहरू समेट्नु उपयुक्त हुन्छ।

## महासन्धिको धारा–२

▶ महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

**यातनाको अन्त्यका लागि राज्यको दायित्व**

युद्ध वा सामान्य कुनैपनि अवस्थामा यातनाको कार्यमा पूर्ण रोक लगाउन राज्यपक्षले कानुनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नुपर्ने र यातनाको औचित्य कुनैपनि अवस्थामा पुष्टि गर्न नमिल्ने।

सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

**(क) सैनिक ऐन २०६३, दफा २२ र सशस्त्र प्रहरी ऐनको दफा २६**

सैनिक ऐनको क्षेत्राधिकार अर्न्तगत कुनै व्यक्तिले कर्तव्यपालनको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति हुन गएमा त्यस्तो व्यक्तिउपर कुनै अदालतमा मुद्दा चलाउन सकिने छैन र सशस्त्र प्रहरीले आफ्नो

कर्तव्य पालना गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा असल नियतले गरेमा सजायको भागी हुनेछैन।

(**ख**) **प्रहरी ऐन**, २०१२, **दफा** ९(४)(**ख**)
तल्लो दर्जाका प्रहरी कर्मचारीलाई १५ दिनसम्म नजरबन्द राख्न सकिने व्यवस्था।

(ग) **यातनासम्बन्धी क्षतिपूर्ति ऐन**, २०५३, **दफा** ३ (२)
थुनामा राख्दा तथा छोड्दा सम्भव भएसम्म चिकित्सक र सम्बन्धित अधिकारी आफैँले थुनुवाको शारीरिक स्थितिको जाँच गराई अभिलेख राख्नुपर्ने।

(घ) **मानवबेचबिखन तथा ओसारपसार** (**नियन्त्रण**) **ऐन**, **२०६४ दफा ८**, **वन ऐन २०४९ को दफा ६४ र भ्रष्टाचार निबारण ऐन २०५९ को दफा ३१**
यी ऐनहरू अन्तर्गतको कसुरसम्बन्धीको मुद्दामा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा र अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सकिने गरी थुनाको कार्यलाई प्रोत्साहन गरिएको छ।

▶ महासन्धिसँग असङगतिको आधार

(**क**) महासन्धिले कुनै पनि अवस्थामा यातनाको औचित्य पुष्ट्याई गर्न नसकिने व्यवस्था गरेकोमा सैनिक ऐनको दफा ६२ मा उल्लेख भए बाहेकका अपराधमा र सशस्त्र प्रहरी ऐनमा असल नियतको आधार लिदै पूर्ण उन्मुक्ति प्रदान गरेको।

(**ख**) राज्यले यातना रोक्नका लागि प्रभावकारी कानुन नअपनाएको, माथिल्लो दर्जाको कर्मचारीले तल्लो दर्जाको कर्मचारीलाई यातना दिन सक्ने आधार प्रदान गरेको छ।

(**ग**) शारीरिक जाँचको मात्र व्यवस्था रहेको, यातनाअर्न्तगत मानसिक पीडा समेत पर्ने यातनाविरूद्धको महासन्धिको परिभाषालाई इन्कार गरिएको, थुनामा राखेर यातना दिएको हुनसक्ने अधिकारीले नै शारीरिक जाँच गर्ने व्यवस्थाले प्रक्रियागत त्रुटी हुन गएको।

(**घ**) थुनामा यातना हुनसक्ने सम्भावना बढी हुँदाहुँदै थुनाको कार्यलाई प्रोत्साहन गरी यातनाको अन्त्यको लागि गर्नुपर्ने कार्य गर्न नसकेको।

▶ असङ्गतिको कारणले मानवअधिकारमा परेको प्रभाव

(**क**) उपरोक्त व्यवस्थाका कारण सैनिक, प्रहरीलगायत्का सुरक्षा अधिकारीहरूबाट दिइने यातनाको क्रममा व्यापक वृद्धि भएको अनुभव।

(**ख**) माथिल्लो अधिकारीले कुनै पनि कार्यविधि नअपनाई तल्लो तहको प्रहरी कर्मचारीलाई नजरबन्दमा राख्न सक्ने अधिकारका कारण यातनामा प्रोत्साहन।

(**ग**) यस व्यवस्थाले गर्दा मानसिक यातनाको प्रयोग ज्यादै बढेको, पीडित न्यायको संरक्षणको दायरा बाहिर पर्न गएको।

(**घ**) अनुसन्धानको तहमा थुनालाई प्रोत्साहन गरिएको जसले गर्दा यातनाको प्रवल सम्भावना बढाउँदछ।

- प्रचलित कानुनमा संशोधनको आवश्यकता

(**क**) कर्तव्य पूरा गर्ने क्रममा सेनाका सदस्यले हत्या वा क्षति गरेमा कारबाहीबाट उन्मुक्ति प्रदान गर्ने दफा २२ आधारभुत रूपमै गलत प्रावधान भएकोले सैनिक ऐनबाट खारेज गरिनुपर्छ। सशस्त्र प्रहरी ऐनको प्रावधान पनि यातनाको पुष्ट्याइँ असल नियत हुननसक्ने गरी संशोधन गरिनुपर्दछ।

(**ख**) नजरबन्द जस्तो कडा सजाय दिँदा निश्चित कार्यविधि अपनाउन आवश्यक हुने गरी कानूनमा संशोधन आवश्यक।

(**ग**) मानसिक यातनालाई पनि समावेश गरिनुपर्ने, चिकित्सकले नै वा न्यायिक अधिकारीले थुनुवाको जाँच गर्ने व्यवस्था गर्नुपर्ने।

(**घ**) थुनाको प्रोत्साहन हटाउने गरी सम्पूर्ण कानुनमा संशोधनको आवश्यकता। थुनालाई थुन्नेको अधिकार भन्दा पनि थुनिनेको सुरक्षाको हतियारको रूपमा लिनुपर्दछ।

- नयाँ कानुनको आवश्यकता र व्यवस्था

प्रचलनमा रहेका कानुनमा संशोधनका साथै राज्यपक्षबाट यातनाको अन्त्य गर्ने गरी कार्य गर्न केही नँया कानूनी व्यवस्था लागु गर्न समेत आवश्यक।

- संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

सबै जसो सुरक्षा निकायसम्बन्धी कानुनमा माथिल्लो तहका अधिकारीको आदेश पालन गर्नु तल्लो तहका अधिकारीको कर्तव्य हुने कुरा उल्लेख गरिएको छ। यातनाका कार्यहरू प्राय:जसो यस्तै आदेशका रूपमा तल्लो तहका कर्मचारीहरूबाट हुने गर्दछ। यसैकारण, तल्लो तहका कर्मचारीलाई कुनै पनि गैरकानूनी वा यातनाको आदेश पालन गर्नुनपर्ने अधिकार र कर्तव्य हुने कुराको कानुनमै स्पष्ट व्यवस्था गरी यातना अन्त्यका लागि कदम चाल्नुपर्दछ।

**महासन्धिको धारा–३**

▶ महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

**देश निश्कासन र सपुर्दगीमा रोक**

कुनैपनि राज्यले यातना भोग्न लगाइने खतरा छ भन्नेकुरा पत्याउने आधार भएको कुनै पनि राज्यमा कुनैपनि व्यक्तिलाई निष्कासन, फिर्ता वा सुपुर्दगी नगर्ने।

▶ सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

(**क**) **अध्यागमन ऐन**, २०४९, **दफा** ३(१), ५(३), ८(१), ९ **र** १०(१)

विदेशी राज्यको सरकार वा त्यस्तो सरकारबाट अधिकारप्राप्त अधिकारीबाट जारी गरिएको राहदानी भिषा नभएको कुनै पनि विदेशी अनधिकृत रूपमा नेपाल प्रवेश गरेमा यो ऐनअर्न्तगत सजाय गरिन्छ।

(**ख**) **सपुर्दगी ऐन**, २०४५, **दफा** १२

ऐनले राजनीतिक अपराधीका सम्बन्धमा मात्र सपुर्दगी नगर्ने भन्ने व्यवस्था गरेको छ।

▶ महासन्धिसँग असङ्गतिको आधार

(**क**) धारा ३ ले यातना हुने सम्भावना रहेको अवस्थामा फिर्ता पठाउन हुँदैन भन्ने उल्लेख गरेकोमा अनधिकृत रूपमा प्रवेश गर्ने विदेशी नागरिकको हैसियत, अवस्था र प्रवेश गर्नुपरेको फिर्ता गएको अवस्थामा यातना भोग्नुपर्ने सभाव्य कारण नहेरी सजाय भुक्तानपश्चात निश्कासन गर्न सकिने व्यवस्था।

(**ख**) सपुर्दगी गर्न नसकिने आधारहरूभित्र यातना हुने सम्भावना रहेको अवस्थामा फिर्ता पठाउन हुँदैन भन्ने धारा ३ को आधारलाई सपुर्दगी नगर्ने आधारकोरूपमा ऐनमा समावेश गरिएको छैन।

▶ असङ्गतीको कारणले मानवअधिकारमा परेको प्रभाव

यस्तो व्यवस्थाले फिर्ता पठाएपश्चात त्यसरी पठाइएको व्यक्तिले आफ्नो देशमा यातना पाउनसक्ने।

▶ प्रचलित कानुनमा संशोधनको आवश्यकता

धारा ३ को मर्म सार्थक हुने किसिमले यातना हुनसक्ने अवस्था हेरी निष्कासन, देश फिर्ता नगरिने व्यवस्था समावेश गर्न राष्ट्रिय कानूनमा संशोधन गरिनुपर्दछ।

▶ नयाँ कानुनको आवश्यकता र व्यवस्था

▶ संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

शरणार्थीको हैसियतसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९५१ तथा त्यसको इच्छाधिन आलेख नेपालले अनुमोदन गर्नुपर्दछ।

**महासन्धिको धारा–४**

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

  **यातना फौजदारी अपराधको रूपमा**

  यातना दिने सबै कार्यलाई फौजदारी कसुर अन्तर्गत राखी अपराधको गम्भीर प्रकृतिसमेतलाई ध्यानमा राखी यातनाको कार्य दण्डनीय बनाउनुपर्ने।
- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

  (**क**) **यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा दफा** ३(१)

  अनुसन्धान, पूपर्क्ष वा तहकिकातको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई यातना दिन नहुने।

  (ख) **यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा दफा ७**

  यातना दिने अधिकारीलाई विभागीय कारवाहीको व्यवस्था गरिएको।

  (ग) **मुलुकी ऐन, बेरितसाग थुन्दाको महल, दफा** ३, ४, ६

  ऐनले थुनामा राख्न हुने र नहुने अवस्थामा थुनामा राखेमा सजाय हुने व्यवस्था गरेको छ। जरिवानाको केही भाग पीडितलाई उपलब्ध गराउने व्यवस्था।
- महासन्धिसँग असंगतिको आधार

  (**क**) यातनाविरूद्धको महासन्धिको धारा ४ अनुरूप यातना दिने कार्यमा पूर्णरूपमा रोक नलगाई, यातनालाई फौजदारी अपराधको रूपमा राखी स्पष्ट सजायको व्यवस्था नगरी नैतिक दायित्वको रूपमा मात्र व्यवस्था गरिएको छ।

  (**ख**) यातनालाई गम्भीर फौजदारी अपराधको रूपमा राखी सजायको व्यवस्था नगरिएको, मात्र विभागीय कारबाहीको व्यवस्था गरिएको।

  (**ग**) मुलुकी ऐन बेरितसँग थुन्दाको महलअन्तर्गतको व्यवस्थामा बेरितसँग थुन्ने कार्यलाई यातनाको परिभाषामा पनि पारिएको छैन। साथै अपराधको गम्भीरतालाई ध्यान दिँदै उपयुक्त सजायको व्यवस्था पनि गरिएको छैन।
- असङ्गतीको कारणले मानवअधिकारमा परेको प्रभाव

  कानूनमा स्पष्ट शब्दमा यातना दिने कार्य फौजदारी अपराध हुन्छ भन्ने उल्लेख नहुनाले तथा व्यक्तिगत फौजदारी दायित्व नहुने हुनाले पीडकहरूको हौसला बढेको र यातनाको घटना बढ्दै गएको।

- प्रचलित कानुनमा संशोधनको आवश्यकता

  सबै राष्ट्रिय कानूनमा यातनालाई गम्भीर फौजदारी अपराधका रूपमा व्यवस्था गरी सजायको व्यवस्था गरिनुपर्दछ।
- नयाँ कानुनको आवश्यकता र व्यवस्था
- संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

  यातनालाई गम्भीर फौजदारी अपराधका रूपमा व्यवस्था गर्दा अपराधको गाम्भीर्यतालाई ध्यानमा राख्दै कडा सजायको व्यवस्था गर्नुपर्दछ।

**महासन्धिको धारा–५, ६, ७ , ८ र ९ (विश्वव्यापी क्षेत्राधिकार)**

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

**क्षेत्राधिकारको स्थापना (दफा ५)**

यातनाको अपराध घटेको स्थान कुनैपनि राज्यको भूभाग तथा सो राज्यमा दर्ता भएको हवाइ वा पानी जहाज भएमा, आरोपित कसुरदार वा पीडित सो राज्यको नागरिक भएमा, यातनाको आरोपित कसुरदार राज्यको भूभागमा भएमा तथा आन्तरिक फौजदारी कानुनको क्षेत्राधिकार भित्रपर्ने विषय भएमा राज्यपक्षले सो यातनाको अपराधको क्षेत्राधिकार ग्रहण गर्नसक्ने।

**आरोपित कसुरदारलाई हिरासतमा लिने (दफा ६)**

विश्वस्त सूचना र विश्वास गर्ने आधार भएमा फौजदारी न्यायका सिद्धान्तको पालना गर्दै यातनाको आरोपित कसुरदारलाई हिरासतमा लिनुपर्दछ। त्यस्तो प्राप्त सुचनामा प्रारम्भिक छानबिन गर्ने, आरोपित कसुरदारको राज्यसँग भएका सन्धि बमोजिम सुपुर्दगीका नियम पालना गर्ने तथा आरोपित कसुरदारको राज्यलाई सम्पूर्ण विवरणसहित क्षेत्राधिकार ग्रहण सूचना दिने।

**आरोपित कसुरदारको अभियोजन (दफा ७)**

आरोपित कसुरदारलाई अभियोजनको निम्ति सक्षम न्यायिक अधिकारी समक्ष उपस्थित गराइने, अन्य गम्भीर प्रकृतिका सामान्य कसुरमा जस्तै समान तरिकाले निर्णय गर्ने तथा सम्पूर्ण न्यायिक प्रकृयामा स्वच्छ पुर्पक्षका अधिकारको प्रत्याभूति गरिनुपर्ने।

**यातनाको अपराध सपुर्दगी योग्य (दफा ८)**

यातनाको अपराध सुपुर्दगी गर्न सकिने कोटीको कसुरमा समावेश गरी सुपुर्दगी सन्धिहरू गरिने छन्। सुपुर्दगी सन्धि नभएका देशहरूले यस कानुनलाई आधार मान्ने गरी व्यवस्था गर्ने।

**यातनाको अपराधको मुद्दामा राज्यहरूबीचको पारस्परिक सहयोग** (दफा ९)

कुनैपनि यातनाको कसुरका सम्वन्धमा क्षेत्राधिकार बाहिरका लागि आवश्यक पर्ने सबुत प्रमाणको आपूर्ती लगायतको सम्पूर्ण कार्यहरूमा राज्यहरूबीचमा पारस्परिक सहायताका अधिकतम उपायहरू अवलम्बन गरिने छ। पारस्परिक न्यायिक सहायता राज्यहरूबीच हुनसक्ने सन्धि अनुकुल हुनेछ।

▶ सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

नेपालले क्षेत्राधिकार र सो सँग सम्बन्धित अन्य पक्षका सम्बन्धमा कुनै संयन्त्र वा सोसम्बन्धी कुनै स्पष्ट कानूनी व्यवस्था गरेको छैन। पक्ष राष्ट्र भैसक्दा पनि उचित कानुनी संयन्त्र र व्यवस्था नहुनु दुर्भाग्य हो।

▶ महासन्धिसंग असंगतीको आधार

विश्वव्यापी क्षेत्राधिकारको स्पष्ट व्यवस्था उल्लेख नहुनु, सुपुर्दगी सन्धिको क्षेत्राधिकारमा यातनाका पीडक नपर्नु (दफा ८), सुपुर्दगीसम्बन्धी ऐनमा सम्बन्धित राष्ट्रलाई जानकारी दिनुपर्ने प्रावधानको अभाव (महासन्धिको दफा ६), नागरिकअधिकार ऐनमा निवारक नजरबन्दका अवस्थामा शत्रु राष्ट्रका नागरिकले गिरफ्तारी गरिएपछि यथासक्य गिरफ्तारीको कारणसहित जानकारी पाउने अधिकार, कानून व्यवसायीसँगको सम्पर्कको अधिकार, २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुन पाउने अधिकार जस्ता अधिकारहरू उपयोग गर्न नपाउने उल्लेख गरिएको छ तर शत्रु राष्ट्रलाई परिभाषित गरिएको छैन। (नागरिक अधिकार ऐन, दफा १५ (३) )।

▶ असङ्गतिको कारणले मानवअधिकारमा परेको प्रभाव

क्षेत्राधिकार तथा सोसँग सम्बन्धित अन्य व्यवस्थासम्बन्धी स्पष्ट प्रावधानको अभावका कारणले गर्दा पीडितहरू कानुनको संरक्षणबाट बञ्चित भएका छन् भने पीडकले अपराधिक दायित्वबाट उन्मुक्ति पाइरहेका छन्।

▶ प्रचलित कानुनमा संशोधनको आवश्यकता

▶ नयाँ कानुनको आवश्यकता र व्यवस्था

पीडितलाई न्याय र पीडकलाई सजाय सुनीश्चितताका लागि क्षेत्राधिकारसम्बन्धीलगायतका कुरामा महासन्धिको व्यवस्था अनुरूप क्षेत्राधिकार तथा अन्य सम्बन्धित प्रावधानको स्पष्ट व्यवस्था गर्नुपर्ने।

▶ संसोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

यातनाको अन्त्यको निम्ति क्षेत्राधिकारको निर्धारण गर्दा राज्यबाट स्पष्ट व्यवस्था गर्दै

पक्राउ परेको सूचना सम्बन्धित राष्ट्रलाई दिने, यातनालाई सुपुर्दगी योग्य अपराधकारूपमा कायम गर्ने, तथा अन्य पक्षराष्ट्रहरूबीच पारस्परिक सहयोगको व्यवस्था नयाँ कानुनमा राख्नुपर्दछ।

**महासन्धिको धारा–१०**

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

  **यातनाविरूद्धमा शिक्षा र तालिम**

  जुनसुकै स्वरूपको पक्राउ, थुना वा कैद सजायमा रहेको कुनैपनि व्यक्तिको सुरक्षा, सोधपुक्ष वा व्यवहारमा संलग्न हुने कुनै किसिमको निजामती तथा जङ्गी कानुन कार्यान्वयन गर्ने अधिकारीलाई दिइने तालिममा यातना निषिद्धतासम्बन्धी शिक्षा र जानकारी दिइने तथा काम कर्तव्यको सम्बन्धमा जारी गरिने नियम निर्देशनमा समेत यो निषिद्धताको कुरा समावेश गरिनुपर्ने।
- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

  (**क**) **प्रहरी ऐन** २०१२

  (**ख**) **सशस्त्र प्रहरी ऐन** २०५८
- महासन्धिसँग असङ्गतिको आधार

  नेपालमा प्रहरीले अनुसन्धान अधिकारीको रूपमा कार्य गर्ने भएतापनि कुनै पनि प्रहरी सेवामा प्रवेश गर्दाको अवस्थामा यातनाको निषिद्धतालगायतका मानवअधिकारका सिद्धान्तको बारेमा तालिम दिने उचित कानुनी व्यवस्थाको अभाव।
- असङ्गतिको कारणले मानवअधिकारमा परेको प्रभाव

  पक्राउ, थुना वा कैद सजायमा रहेको कुनैपनि व्यक्तिको सुरक्षा, सोधपुक्ष वा व्यवहारमा संलग्न हुने कुनै किसिमको निजामती तथा जङ्गी कानुन कार्यान्वयन गर्ने अधिकारीले उचित तालिम नपाएकोमा त्यो अधिकारीबाट यातना हुने सम्भावना तथा मानवअधिकारको उल्लङ्घन हुने व्यापक सम्भावना।
- प्रचलित कानुनमा संसोधनको आवश्यकता
- नयाँ कानुनको आवश्यकता र व्यवस्था

  यस्ता किसिमको सेवाको प्रवेशमा यातना विरूद्धमा शिक्षा र तालिम दिनैपर्ने गरी व्यवस्था तथा अन्य विभिन्न समयमा समयसापेक्ष यातना बिरूद्धको तालीम र शिक्षाको व्यवस्था गरी नयाँ कानुनको व्यवस्था गर्नुपर्ने।
- संशोधन र नयाँ कानुनको व्यवस्थामा

सल्लाह र सुझाव दिइने तालिम तथा शिक्षा व्यवहारिक किसिमको तथा तल्लो दर्जाका कर्मचारीलाई समेत समेटिने किसिमको हुनुपर्ने।

**महासन्धिको धारा–११**

- महासन्धिको धारामा भएको संक्षिप्त व्यवस्था

  **यातनाको अन्त्यकोलागि नीति नियमको पुनरावलोकन**

  यातनाको कुनैपनि घटनाको रोकथामको निम्ति पक्राउ, थुनछेक तथा कैदमा राखेका व्यक्तिहरूको सुरक्षा तथा उनीहरूप्रतिका व्यवहारलगायत सोधपुछसम्बन्धी नियम, निर्देशन, पद्धति तथा अभ्यासहरूलाई नियमित पुनरावलोकन गनुपर्ने।
- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था पुनरावलोकनसम्बन्धी व्यवस्थाका लागि कुनै छुट्टै स्पष्ट कानुनको व्यवस्था नभएको।
- महासन्धिसँग असङ्गतिको आधार परिवर्तित परिस्थिमा प्रचलनमा रहेका नीति नियमको पुनरावलोकन नगर्दाको अवस्थामा व्यक्तिहरू यातनाको पीडित हुनसक्ने तथा न्यायको पहुँचबाट वञ्चित हुने अवस्था।
- असङगतिको कारणले मानवअधिकारमा परेको प्रभाव
- प्रचलित कानुनमा संशोधनको आवश्यकता

  प्रचलित कानुनका नीति नियमहरू समय सापेक्ष बनाउन तथा नीतिनियमहरू अन्तर्राष्ट्रिय मान्यता अनुरूपको बनाउन कानुनी व्यवस्थाहरूमा संशोधन एवम् यस धारा अनुरूपको व्यवस्थागर्न ऐन, कानुन, नीति नियम पुनरावलोकनको व्यवस्था सहितको नयाँ कानुनको व्यवस्था गर्नुपर्ने।
- नयाँ कानुनको आवश्यकता र व्यवस्था
- संशोधन र नयाँ कानुनको व्यवस्थामा

  सल्लाह र सुझाव अनुसन्धान, तहकिकात, पूर्पक्ष प्रक्रिया तथा अन्य कानुनी प्रक्रियाको अभ्यासका नियमहरूका साथै कैदसम्बन्धी व्यवस्थामा क्रमगत पुनरावलोकन तथा सुधारका लागि आयोगको व्यवस्था गरिनुपर्दछ।

**महासन्धिको धारा–१२**

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

  **यातनाको अनुसन्धान**

  हरेक राज्यपक्षले आफ्नो भूभागमा कतै यातना दिइएको विश्वास गर्नुपर्ने आधार

देखिएमा सक्षम अधिकारीद्वारा निष्पक्ष अनुसन्धान गर्नुपर्ने।

- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

  **यातना क्षतिपूर्ति ऐन २०५३ (दफा ९)**

  राज्यले यातनालाई फौजदारी अपराधको रूपमा नलिएको वर्तमान अवस्थामा महासन्धिको व्यवस्था अनुरूप यातना दिइएको विश्वास गर्नुपर्ने आधार देखिएमा सक्षम अधिकारीद्वारा अनुसन्धान गर्ने कुनै व्यवस्था गरिएको छैन, बरू यातनाको उजुरी परेको अवस्थामा समेत आरोपित कसुरदारलाई सरकारी वकिलद्वारा प्रतिरक्षा र कसुर स्थापित भएमा क्षतिपूर्ति तिरिदिने व्यवस्था गर्दै राज्यपक्षबाट कानुनी संरक्षण प्रदान गरिएको छ।

- हासन्धिसँग असङ्गतिको आधार

  महासन्धिको व्यवस्थाअनुसारको स्पष्ट कानुनी प्रावधानको अभाव र यातनाको कसुरदारलाई राज्यपक्षबाट संरक्षण।

- असंगतीको कारणले मानवअधिकारमा परेको प्रभाव

  पीडितले न्याय नपाउने अवस्थाको सृजना र यातना दिइएको विश्वास गर्नुपर्ने आधार देखिएको अवस्थामा पनि उजुरीको अभावमा सक्षम अधिकारीद्वारा अनुसन्धान हुननसक्ने अवस्था।

- प्रचलित कानुनमा संसोधनको आवश्यकता

  सरकारको तर्फबाट यातनाको आरोपित कसुरदारको कानुनी संरक्षण गर्ने परिपाटीको अन्त्यगरी यातनाको अपराधीलाई व्यक्तिगत जिम्मेवारीको सजाँयको रूपमा पनि व्यवस्था गर्नुपर्ने।

- नयाँ कानुनको आवश्यकता र व्यवस्था

  यातना दिइएको बिश्वास गर्नुपर्ने आधार देखिएमा सक्षम अधिकारीद्वारा अनुसन्धान गर्नुपर्ने प्रावधानसहितको कानुन निर्माण गर्नुपर्ने।

- संसोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

  फौजदारी अपराधको अनुसन्धान कार्य प्रहरीबाट हुने वर्तमान अवस्थामा यदि माथि उल्लेख भएअनुसार यातना दिइएको विश्वास गर्नुपर्ने आधार देखिएको अवस्थामा हुने अनुसन्धानमा पनि प्रहरी नै सामेल हुने व्यवस्था भएमा त्यस्तो अनुसन्धान पूर्वाग्रहयुक्त हुनसक्ने सम्भावना भएका कारण यातनाको अनुसन्धानको जिम्मेवारी मानवअधिकार आयोग जस्ता निकायमा निहीत रहने गरी कानुन निर्माण गरिनु उपयुक्त हुन्छ।

**महासन्धिको धारा–१३**

- महासन्धिको धारामा भएको संक्षिप्त व्यवस्था

  **यातनाको उजुरीकर्ता र साक्षीको संरक्षण**

  हरेक राज्यमा यातना पीडितले त्यसकाविरूद्धमा उजुरी गर्ने तथा त्यसको निष्पक्षतापूर्वक सक्षम अधिकारीबाट जाँचबुझ हुने कुराको निश्चितता हुने। उजुरी गरेको वा सबुत दिएको आधारमा उजुरीकर्ता तथा साक्षीलाई हुने डरत्रास र दुरव्यवहारबाट संरक्षण प्रदान गरिने व्यवस्था।

- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

  क्षतिपूर्ति ऐन, २०५३ –अनुसार पीडित आफै वा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुन व्यवसायीले जिल्ला अदालतमा उजुरी दिने व्यवस्था भएको तर उजुरीकर्ता तथा साक्षीको निम्ती उजुरी गरे वा सुचना दिएवापत हुन सक्ने खतराबाट संरक्षणको व्यवस्था प्रदान नगरिएको

- महासन्धिसँग असङ्गतिको आधार

  यातनाको उजुरीकर्ता तथा साक्षीको संरक्षण गर्ने गरी कानुनमा व्यवस्था नभएको।

- असङगतिको कारणले मानवअधिकारमा परेको प्रभाव

  उजुरीकर्ता तथा साक्षीको उचित संरक्षणको व्यवस्था नहुँदा पीडित न्यायको पहुँचमा पुग्न सकेको छैन भने पीडकले आफ्नो पहुँच तथा शक्तिको आधारमा उन्मुक्ति पाइरहेको छ।

- प्रचलित कानुनमा संशोधनको आवश्यकता

- नयाँ कानुनको आवश्यकता र व्यवस्था

  यातनाको उजुरी गरेवापत तथा सुचना दिएर साक्षी भएको कारणबाट यातनाको अपराध कानुन बमोजिम स्थापित भएपनि वा नभएपनि कुनै किसिमको डर, धाक, धम्की तथा अन्य मानसिक तथा शारीरिक क्षति बेहोर्नुपर्ने छैन भन्न कुराको सुनिश्चितता सहितको कानुनको निर्माण गर्नुपर्दछ।

- संसोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

  कानुन बनाउँदा यातनाका उजुरी कम दर्ता होउन् भन्दा पनि यातना पीडितले सुरक्षित तवरबाट सजिलो गरी न्याय पाउन भन्ने मान्यताबाट अभिप्रेरित भई बनाउनुपर्दछ। वर्तमानको कानुनमा ३५ दिन भित्र उजुरी गर्नुपर्ने व्यवस्था पीडित भन्दा पीडकको हितमा छ।

**महासन्धिको धारा–१४**

- महासन्धिको धारामा भएको संक्षिप्त व्यवस्था

**यातन पीडितलाई क्षतिपूर्ति**

राज्यले आफ्ना कानुनी प्रणाली भित्र यातना पीडितले पुनरूद्धार प्राप्त गर्ने तथा यथासम्भव पूर्ण पुनर्स्थापनाको माध्यमसहित जायज र पर्याप्त क्षतिपूर्तिको हकाधिकारको व्यवस्था गर्नेछ। पीडितको मृत्युभएमा निजका आश्रितले क्षतिपूर्ति पाउनेछन्।

- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

(**क**) **क्षतिपूर्ति ऐन, २०५३ दफा दफा** ६(१)

रू एक लाखसम्म अधिकतम क्षतिपूर्ति प्रदान गर्न सकिने।

(**ख**) **मुलुकी ऐन २०२०, बेरितसंग थुन्दाको महल, दफा** ३, ४, ६

ऐनले थुनामा राख्न हुने र नहुने अवस्थामा थुनामा राखेमा सजाय हुने व्यवस्था गरेको छ। जरिवानाको केही भाग पीडितलाई उपलब्ध गराउने व्यवस्था।

- महासन्धिसँग असङ्गतिको आधार

(**क**) यातनाको मात्रा अनुसार क्षतिपुर्ति पाउनुपर्ने अधिकारमा अनावश्यक रोक तथा पुर्नस्थापनाको व्यवस्थाको अभाव।

(**ख**) अपराधको गाम्भीरतालाई मनन गरिएको छैन। जरिवानाको हद एकदमै न्यून छ। जरिवाना वाहेक अन्य क्षतिपूर्तिको व्यवस्था छैन।

- असङ्गतिको कारणले मानवअधिकारमा परेको प्रभाव

पीडितले उचित क्षतिपूर्ति र पुन:स्थापनासहितको न्यायबाट बञ्चित भईरहेको अवस्था छ।

- प्रचलित कानुनमा संशोधनको आवश्यकता

कानूनमा संसोधन गरी पूर्ण पुर्नस्थापनाको माध्यमसहित जायज र पर्याप्त क्षतिपूर्तिको प्रभावकारी हकाधिकार सुनिश्चित गर्नुपर्ने। कानुनले अधिकतम क्षतिपूर्तिको सट्टा न्युनतम क्षतिपूर्तिको व्यवस्था गरी क्षतिपूर्तिको अधिकतम रकम अपराधको गाम्भीर्यता तथा न्यायकर्ताको स्वविवेकमा छोड्नुपर्ने।

- नयाँ कानुनको आवश्यकता र व्यवस्था

पीडितको पुन:स्थापनाको निम्तिस् पष्ट व्यवस्था सहितको कानुनको तर्जुमा गर्नुपर्ने जसको मद्दतले यातना पीडितको यातना पछिको जीवन समेत कष्टकर नबनोस्।

- संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

  पुर्न:स्थापनाको निम्ति एक स्थायी कोषको व्यवस्थागरी त्यस कोषको प्रयोगबाट यातना पीडितको मर्यादामा सम्मान गर्दै पुन:स्थापनाको निम्ति स्पष्ट, उचित तथा व्यवहारिक कार्य गर्नुपर्ने।

**महासन्धिको धारा–१५**

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

  **यातनाको नतिजास्वरूप लिइएको बयान अग्राह्य हुने**

  यातनाको नतिजास्वरूप तयार गरिएको भन्ने स्थापित भएको बयान यातना दिने व्यक्तिको विरूद्धबाहेक कुनै कारवाही प्रक्रियामा प्रमाणस्वरूप प्रयोग गर्न नपाइने।
- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

  **प्रमाण ऐन , २०३१ दफा ९**
- यातना नभएको अदालतले विश्वास गरेमा प्रमाणमा लिनुहुने।
- महासन्धिसँग असङ्गतिको आधार

  विश्वास गर्नको लागि स्पष्ट कानुनी संरचनाको अभावमा तथा यातनाको सम्बन्धमा न्यायपालिकाका कर्मचारीलाई समेत स्पष्ट जानकारी नभएको अवस्थामा यातना दिएर लिएको प्रमाण पनि प्रयोग भएको अवस्था।
- असंगतीको कारणले मानवअधिकारमा परेको प्रभाव

  यातनना दिई लिईएको प्रमाणको आधारमा दोषी घोषित गरी पीडितलाई पुन:यातना दिइएको अवस्था विद्यमान छ।
- प्रचलित कानुनमा संसोधनको आवश्यकता

  बयानमा आधारित नेपाली फौजदारी कानुनको अनुसन्धान पद्धतिमा, अनुसन्धान अधिकारीले लिएको बयान यातना दिएर लिईएको होइन भन्ने कुरा प्रमाणित भएमा मात्र त्यस्तो बयानलाई प्रमाणमा ग्राह्य हुने गरी कानुनमा सुधार गर्नुपर्ने। प्रमाणको ग्रह्यता अनुसन्धान अधिकारीले बाध्यात्मकरूपमा प्रस्ट्याउनुपर्ने।
- नयाँ कानुनको आवश्यकता र व्यवस्था
- संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

  यातनालाई अनुसन्धानको हतियारकोरूपमा प्रयोग हुने परिपाटिको अन्त्यकालागि वैज्ञानिक पद्धतिको अनुसन्धान विधिको प्रयोगमा जोड दिनुपर्ने।

**महासन्धिको धारा–१६**

- महासन्धिको धारामा भएको सङ्क्षिप्त व्यवस्था

  **क्रुर, अपमानजनक तथा अमानवीय व्यवहार तथा सजायमा रोक**

  धारा १ मा भएको यातनाको परिभाषा बाहेकका अन्य क्रुर, अपमानजनक तथा अमानवीय व्यवहार तथा सजायमा रोकथाम गर्ने व्यवस्था राज्यपक्षबाट हुने छ।

- सम्बन्धित कानुनको नाम, दफा र कानुनी व्यवस्था

  **कारागार (दोश्रो शंसोधन) ऐन, २०६४ दफा २२, ६, १४,**

  बिरामी परेको बहाना गरेमा नेल, हतकडी तथा जञ्जीर हाल्ने व्यवस्था, त्यस्तै गरी दफा ६ एकान्तको थुनामा बन्दीलाई राख्न सकिने व्यवस्था राखिएको छ र १४ ले भेटघाटबाट वञ्चित गर्ने कुरालाई प्रश्रय दिएको देखिन्छ।

  कारागार ऐनले कारागार भित्रको भिड, स्वास्थ्य समस्या, खानपान तथा कपडाको व्यवस्थाको बारेमा उचित सम्बोधनको व्यवस्था छैन साथसाथै थुनुवा तथा कैदीको लागि बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्युनतम मापदण्डको नियमावली तथा बन्दीप्रति गरिने व्यवहारका आधारभूत सिद्धान्तले प्रत्याभूत गरेका अधिकारको सुनिश्चितता गर्न सकेको छैन।

- महासन्धिसँग असङ्गतिको आधार

  थुनुवा वास्तविक रूपमै विरामी परेको अवस्थामा पनि सरकारी अधिकारीले यस दफाका आधारमा अमानवीय तथा क्रुर व्यवहार गर्न सक्ने। एकान्तमा राखी तथा भेटघाटमा बञ्चित गरी पनि अन्य क्रुर, अपमानजनक तथा अमानवीय व्यवहार तथा सजायमा दिने गरिएको। अधिकारको पहिचान नगरी तथा पहिचान भएका अधिकारको सुनिश्चितता नगरी अपमानजनक व्यवहार भएको।

- असङ्गतिको कारणले मानवअधिकारमा परेको प्रभाव

  अमानवीय व्यवहार गर्नमा राज्यबाट कानूनी रूपमै प्रसय प्रदान जसको गलत प्रयोग हुनसक्ने। न्युनतम पहिचान गरिएका अधिकारको उपयोगमा बाधाअड्चन।

- प्रचलित कानुनमा संशोधनको आवश्यकता

  दुरूपयोगको संभावना अन्त्य गरी कैदी तथा थुनुवाका मानवीय जीवन तथा स्वास्थ्यसम्बन्धी अधिकारको संरक्षण सहितको कानुनको व्यवस्था गर्नुपर्ने।

- नयाँ कानुनको आवश्यकता र व्यवस्था
- संशोधन र नयाँ कानुनको व्यवस्थामा सल्लाह र सुझाव

बन्दी तथा थुनुवाका अधिकारको प्रत्याभूतिको लागि तथा क्रुर, अपमानजनक तथा अमानवीय व्यवहार तथा सजायको अन्त्यको निम्ति कानुन तथा व्यवहारमा सुधार ल्याउनुपर्ने छ।

**८. भएका तथा गरिनुपर्ने कानुनी व्यवस्थाको संक्षिप्त रूप**

- **महासन्धिसँग सम्बन्धित कानुन**

  **अध्यागमन ऐन**, २०४९ **दफा** ३(१), ५(३), ८(१), ९ **र** १०(१)

  **संशोधन हुनुपर्ने कानुन**

  विदेशी राज्यको सरकार वा सो सरकारबाट अधिकार प्राप्त व्यक्तिबाट जारी गरिएको राहदानी भिषा नभएको कुनै पनि विदेशी अनधिकृत रूपमा नेपाल प्रवेश गरेमा सजाय गरी देश फिर्ता गर्ने प्रावधानले देशफिर्ता हुँदा हुनसक्ने यातनालाई मनन गर्न नसकेको।

  **नयाँ कानुको व्यवस्था**

  यातना पाउन सक्ने सम्भावना भएमा देश फिर्ता नपठाउने व्यवस्थासहितको कानुनको निमार्ण गर्नुपर्ने तथा शरणार्थीको हैसियतको व्यवस्था गर्न शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्भौताको अनुमोदन तथा नयाँ राष्ट्रिय कानुनको तर्जुमा गरिनुपर्ने

- **महासन्धिसँग सम्बन्धित कानुन**

  **यातनासम्बन्धी क्षतिपूर्ति ऐन**, २०५३ **दफा** २,३,४,५,६,७, १०

  **संशोधन हुनुपर्ने कानुन**

  यातनाको सङ्कीर्ण परिभाषा, यातना नैतिक अपराधको रूपमा, थुना राख्दा र छोड्दा शारीरिक जाँचको मात्र व्यवस्था, यातनाको उजुरीको लागि तोकिएको छोटो हदम्याद, सीमित क्षतिपूर्ति, पीडकलाई विभागीय कारबाहीमात्र तथा आरोपितलाई सरकारी वकिलद्वारा प्रतिरक्षा जस्ता व्यवस्था महासन्धिको मान्यता र मर्म विपरित छन्।

  **नयाँ कानुको व्यवस्था**

  परिभाषा सन्धिको धारा १ को मर्म अनुसार हुनुपर्ने, यातनालाई फौजदारी अपराधको रूपमा परिभाषित गरिनुपर्ने, थुना राख्दा र छोड्दा शारीरिक तथा मानसिक जाँच पनि हुनुपर्ने, उजुरीका लागि खुल्ला वा खुकुलो गरी पीडितको हितमा हदम्यादको

व्यवस्था गर्नुपर्ने, क्षतिपूर्तिको रकम बढाउनुपर्ने तथा पीडितलाई पुन:स्थापनाको व्यवस्था हुनुपर्ने, पीडकलाई विभागीय कारवाही मात्र नभई कडा फौजदारी दायित्व बहन गराउनुपर्ने तथा पीडकको प्रतिरक्षा सरकारी तवरबाट हुने व्यवस्थाको अन्त्य गरिनुपर्ने।

- **महासन्धिसँग सम्बन्धित कानुन**

**कारागार ऐन २०६४ दफा ६,१४,२२**

**संशोधन हुनुपर्ने कानुन**

एकान्तको थुनामा बन्दीलाई राख्न सकिने व्यवस्था, भेटघाटबाट वञ्चित गर्ने कुरालाई प्रश्रय दिएको, नेल हतकडी र जञ्जिर हाल्न सकिने व्यवस्था महासन्धिको आधारभूत मान्यतासँग मेल खादैनन्।

**नयाँ कानुको ब्यवस्था**

अपमानजनक एकान्त थुनाको अन्त्य, थुनामा सामाजिक जीवनको प्रत्याभूति तथा सामाजिक सर्म्पकमा निर्विवाद पहुँच तथा अपमानजनक तरिकाले नेल तथा हतकडी लगाउनमा रोक सहितको कानुनको व्यवस्था जस्ले बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्युनतम मापदण्डको नियमावली तथा बन्दीप्रति गरिने व्यवहारका आधारभूत सिद्धान्तले प्रत्याभुत गरेका अधिकारको सुनिश्चितता गर्दछ।

- **महासन्धिसँग सम्बन्धित कानुन**

**वन ऐन २०४९ को दफा ६४**

**संशोधन हुनुपर्ने कानुन**

गिरफ्तार गरिएको व्यक्तिलाई एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने वा सम्बन्धित मुद्दाको अभियोगमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिने मनासिव माफिकको आधार देखिएमा त्यस्तो अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्नुपर्नेछ।

**नयाँ कानुको ब्यवस्था**

थुना पीडितको सुरक्षाको रूपमा प्रयोग गर्नुको साटो अनुसन्धानको हतियारको रूपमा प्रयोग गरिएको छ। वन ऐनको कार्यबिधीगत व्यवस्थालाई हेरी स्वच्छ पुर्पक्षका

अधिकारको प्रत्याभूति गरी थुनालाई अनुसन्धानको चरणमा दुरूपयोग हुने अवस्थाको मूल्याङ्कन गरी वैकल्पिक व्यवस्था गर्नुपर्ने।

▶ **महासन्धिसँग सम्बन्धित कानुन**

**मानवबेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ८**

**संशोधन हुनुपर्ने कानुन**

प्रचलित कानुनमा जेकुरा लेखिएको भएतापनि यस ऐनका दफा ४–१–घ बाहेकका मुद्दामा कारवाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गनुपर्ने।

**नयाँ कानुको व्यवस्था**

यसरी ऐनले कुनै कुराको आधार नदेखाई थुनामानै राखेर सजाय गर्नुपर्दछ भन्ने व्यवस्थाको खारेजी गर्नुपर्दछ। यस व्यवस्थाले स्वच्छ पुर्पक्षको अधिकारको उल्लङ्घन गर्दछ भने आधारविहीन थुनालाई अपमानजनक व्यवहारको रूपमा हेर्नुपर्दछ।

▶ **महासन्धिसँग सम्बन्धित कानुन**

**भ्रष्टाचार निबारण ऐन २०५९ को दफा ३१**

**संशोधन हुनुपर्ने कानुन**

ऐन अन्तर्गतको कसुरमा कारबाही चलाएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा अनुसन्धान र तहकिकातको कारबाहीमा बाधा व्यवधान वा प्रतिकुल प्रभाव पार्नसक्ने पर्याप्त कारण विद्यमान भएमा अनुसन्धान अधिकृतले निजलाई प्रचलित कानुन बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सक्नेछ।

**नयाँ कानुको व्यवस्था**

श्रोत र साधन भएको राज्यले आरोपित पक्षले प्रमाण लोप गर्ने आधार देखाई व्यक्तिको स्वतन्त्रताको अपहरण गर्ने गरी थुनामा राख्नु अपमानजनक व्यवहार हो। यस कार्यले स्वच्छ पुर्पक्षका अधिकारको उल्लङ्घन गर्दछ। यस्तो व्यवस्थाको पनि बैकल्पिक व्यवस्था गरी यातनाको प्रवल सम्भावना भएको थुनामा राख्ने व्यवस्थाको अन्त्य गर्नुपर्दछ।

▶ **महासन्धिसँग सम्बन्धित कानुन**

**मुलुकी ऐन २०२०, बेरितसँग थुन्दाको महल, दफा ३, ४, ६**

**संशोधन हुनुपर्ने कानुन**

ऐनले थुनामा राख्न हुने र नहुने अवस्थामा थुनामा राखेमा सजाय हुने व्यवस्था गरेको छ। जरिवानाको केही भाग पीडितलाई उपलब्ध गराउने व्यवस्था।

**नयाँ कानुको ब्यवस्था**

अपराधको गर्म्भीयतालाई मनन गरिएको छैन। जरिवानाको हद एकदमै न्यून छ। जरिवानाबाहेक अन्य क्षतिपूर्तिको व्यवस्था छैन तसर्थ कानुनमा संशोधन गरी सजायमा वृद्धि र उचित क्षतिपूर्तिको पुन:स्थापनाको व्यवस्था सहितको कानुनी व्यवस्था गर्नुपर्छ।

▶ **महासन्धिसँग सम्बन्धित कानुन**

**नागरिक अधिकार ऐन, २०१२, दफा १५**

**संशोधन हुनुपर्ने कानुन**

निवारक नजरवन्दमा रहेका व्यक्तिले ऐनले प्रदान गरेको अधिकारहरू उपभोगमा बन्देज तथा स्वच्छ पुर्पक्षका अधिकारमा रोक।

**नयाँ कानुको ब्यवस्था**

स्वच्छपुर्पक्षका मापदण्डहरूको उल्लङ्घन गरी यातनालाई प्रक्रियागत बनाइएको तथा कानुनको प्रयोग गर्दै यातना दिने प्रवृत्तिमा प्रोत्साहन गरिएको अवस्थामा कानुनमा संशोधन गरी सम्मानजनक रूपमा स्वच्छ पुर्पक्षको अधिकारको उपयोगको व्यवस्था गर्नुपर्ने।

▶ **महासन्धिसँग सम्बन्धित कानुन**

**प्रहरी ऐन, २०१२**

**संशोधन हुनुपर्ने कानुन**

माथिल्लो दर्जाको कर्मचारीले तल्लो दर्जाका प्रहरी कर्मचारीलाई १५ दिनसम्म नजरबन्द राख्न सकिने व्यवस्था।

**नयाँ कानुको ब्यवस्था**

राज्यले यातना रोक्नका लागि प्रभावकारी उपाय नअपनाएका यस अवस्थामा यातना संस्थागत हुनसक्छ तसर्थ कानुनमा संशोधन गरी माथिल्लो कर्मचारीबाट जारी गरिने यस्तो प्रकारका सजायको अन्त्य गरी यातनाको अन्त्यमा पहल गर्नुपर्ने।

▸ **महासन्धिसँग सम्बन्धित कानुन**

**बालबालिका सम्बन्धि ऐन**, २०४८

**संशोधन हुनुपर्ने कानुन**

केही निश्चित वर्गका मानिसबाट बालबालिकालाई हुनसक्ने यातना तथा अन्य क्रुर, अपमानजनक तथा अमानवीय व्यवहार तथा सजायलाई नैतिक दायित्वको रूपमा व्यवस्था गरिएको छ।

**नयाँ कानुको ब्यवस्था**

फौजदारी दायित्व बहन नगराउँदा कानुनी प्रावधानको उपादेयता देखिदैन तसर्थ कानुनमा संसोधनगरी केहि निश्चित बर्गका मानिसबाट बालबालिकालाई पार्न सक्ने यातना तथा अन्य क्रुर, अमानवीय तथा अपमानजनक व्यवहार तथा संजायमा पनि फोजदारी सजायको व्यवस्था गरी कानुनमा संसोधन गर्नुपर्ने।

▸ **महासन्धिसँग सम्बन्धित कानुन**

**सार्वजनिक सुरक्षा ऐन**, २०४६ **दफा** १२

**संशोधन हुनुपर्ने कानुन**

यातनाको अपराधमा क्षतिपूर्तिको लागि सरकार जिम्मेवार हुने व्यवस्था, पीडकको आर्थिक उन्मुक्ति।

**नयाँ कानुको ब्यवस्था**

पीडकलाई व्यक्तिगत रूपमा जिम्मेवार नबनाई सरकारले क्षतिपूर्ति दिने व्यवस्थाले पीडकको मनोबलमा वृद्धि हुन्छ। तसर्थ यातनालाई व्यक्तिगतरूपमा समेत जिम्मेवार रहने व्यवस्था गर्दै कानुनमा संशोधन गरिनुपर्दछ।